बेशीसहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेशीसहर, लमजुङ्ग
गण्डकी प्रदेश, नेपाल

सडक सुधार तथा मर्मत सम्बन्धी कार्यको दरभाउपत्र आव्हान सम्बन्धी ई–विडिङ्गको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/१०/९ गते)

वेशीसहर नगरपालिका अन्तर्गत देहायका कार्यहरुका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो दरभाउपत्र सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले ई–विडिङ्ग मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ । दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइट bolpatra.gov.np/egp वा यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभ साईट www.besisaharmun.gov.np मा हेर्न सकिने छ । साथै कार्यालय समय भित्र यस नगर कार्यपालिका कार्यालयको प्राविधिक शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ । ठेक्काको विवरण यस प्रकार छ ।

ठेक्का नं.	कामको विवरण	लागत अनुमान अंक (मु.अ.कर समेत) रु.	धरौटी रकम रु.	बोलपत्र /दरभाउ पत्र फाराम दस्तुर
निर्माण/राष्ट्रिय/ २८/०७६/०७७	गंगटेखोला पंडीतथोक हेल्थपोष्ट तिलाहार सडक स्तरउन्नती कार्य	रु . १४९२८६३।६०	३७५००।०	१०००।०
निर्माण/राष्ट्रिय/ २९/०७६/०७७	सितलपाटी सडक स्तरउन्नती कार्य	रु. १४५५२७६।०५	३६५००।०	१०००।०
निर्माण/राष्ट्रिय/ ३०/०७६/०७७	राममन्दिर कोलबाटो कोलडाडा भर्तेल गाउ बसौलागाउ गाउशहर दरबार सडक निर्माण	रु.९७०११६।७६	२४५००।०	१०००।०

क. शर्तहरु :

१। दरभाउपत्रदाताले यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.० वजे भित्र ई–विडिङ्ग मार्फत दरभाउपत्र पेश गरि सक्नुपर्नेछ । ई–विडिङ्ग मार्फत पेश भएका दरभाउपत्रहरु सोही दिन दिनको १.० वजे नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

२। दरभाउपत्रदाताले इ विडिङ्गको साथमा दरभाउपत्र खरिद गर्दा तिरेको बैक भौचर , विडबण्ड वा धरौटी राखेको रकमको सक्कल प्रति, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता र नविकरणको प्रमाण आदिको नोटरीबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपि समावेश गरेको हुनुपर्नेछ । साथै दरभाउपत्र खरिद गर्दा तिरेको बैक भौचर धरौटी रकमको भौचरमा अनिवार्य रुपमा ठेक्का नं. उल्लेख गर्नुपर्नेछ ।

३। ई–विडिङ्ग बाहेक अन्य तरिकाबाट पेश गरिएको दरभाउपत्र स्वीकार्य हुनेछैन ।

४। दरभाउपत्र खरिद बापत नियमानुसार लाग्ने दस्तुर रकम यस कार्यालयको रा.वा. बैक, बेशीसहर शाखामा रहेको आन्तरिक आय खाता नं. ग–४–३ – ३०४०३०४०३८३०४ मा दाखिला गरेको हुनुपर्नेछ ।

५। ठेक्का लिन चाहने इच्छुक फर्मले धरौटी बापत कबोल अंकको कम्तीमा २.५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ। धरौटी वापतको रकम यस बेशीसहर नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको चल्ती हिसाव नं. ३०४०३०३००७१०४ ग–३ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको ई–कपी वा "क" वर्गको बाणिज्य बैकबाट जारी गरेको दरभाउपत्र मान्य अवधिबाट कम्तीमा ३० दिन अवधिको विडबण्डको ई–कपी पेश गरेको हुनुपर्नेछ। दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मिति देखि न्युनतम ९० दिनको हुनेछ।

६। दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ।

७ रितपूर्वक दाखिला भएका दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहतिको बोलपत्र स्वीकार्य हुने छैन।

८। प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

९। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

मोहनप्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत